# स्थानीय राजपत्र

**चामुण्डाविन्द्रासैनी नगरपालिकाद्धारा प्रकाशित**
**खण्ड : ४ संख्या : ८ पौष १४ गते: २०७८**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगर कार्यपालिकाले बनाएको देहाय बमोजिम कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग - २

## सडक मर्मत सम्भार सम्बन्धी कार्यविधि, २०७८

**प्रस्तावना :,**

चामुण्डाविन्द्रासैनी नगरपालिका क्षेत्र भित्र नगरवासीहरूको सुविधा सम्बन्धी हितलाई मध्यनजर गरी नगरपालिका भित्र निर्माण भएका सडकहरूको स्थिति सुधार गरी दिर्घकालिन रूपमा सञ्चालनमा राखि राख्न तथा सडकहरूमा आउने विभिन्न साना तथा ठूला क्षेतिहरूलाई कम गरी नेक्सानी हुन वाट जोगाउन बाञ्छनीय भएकाले,

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) मा उल्लेखित अधिकारहरूको प्रयोग गर्न चामुण्डाविन्द्रासैनी नगरपालिकाको स्थानीय सडक निर्माण तथा संरक्षण ऐन, २०७६ दफा २४ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले सडक मर्मत सम्भार सम्बन्धी कार्यविधि -२०७८ बनाई जारी गरेको छ ।

### परिच्छेद -१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ तथा क्षेत्र :** (१) यस कार्यविधिको नाम चामुण्डाविन्द्रासैनी नगरपालिकाको "सडक मर्मत सम्भार सम्बन्धी कार्यविधि - २०७८" रहेको छ ।

(२) यो कार्यविधि नगरकार्यपालिकावाट स्वीकृत भएको मितिवाट प्रारम्भ हुनेछ ।

(३) यो कार्यविधि चामुण्डा विन्द्रासैनी नगरपालिका क्षेत्र भित्र लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) "ऐन" भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिकाको सडक निर्माण तथा संरक्षण ऐन लाई सम्झनु पर्दछ ।

ख) "कार्यपालिका" भन्नाले चामुण्डाविन्द्रासैनी नगरकार्यपालिकालाई सम्झनु पर्दछ ।

घ) "नगरपालिका" भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिकालाई सम्झनु पर्दछ ।

च) "प्रमुख" भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिकाको नगरप्रमुखलाई सम्झनु पर्दछ ।



छ) "उपप्रमुख" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनु पर्दछ

ज) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ ।

ञ) "सडक व्यवस्थापक समुह" भन्नाले सडक मर्मत सम्भार तथा सडक सुरक्षाका लागि नगरपालिकाले सडक क्षेत्रमा काम गर्ने गरी तोकिएको कामदारलाई सम्झनु पर्दछ ।

ड) "प्रचलित कानून" भन्नाले सडक सम्बन्धी संघ तथा प्रदेश कानूनमा गरिएका सबै व्यवस्थाहरूलाई सम्झनु पर्दछ ।

ढ) "स्थानीय सडक वोर्ड" भन्नाले नगरपालिकामा सडक सम्बन्धी कार्य गर्नका लागि गठन गरिएको बोर्डलाई सम्झनु पर्दछ ।

### परिच्छेद - २

### सडक मर्मत सम्भार प्रकृया तथा सडक मर्मतका प्रकार सम्बन्धी व्यवस्था

**३. सडक मर्मत गर्नु पर्ने :** (१) नगरपालिकाको क्षेत्र भित्र रहेका विभिन्न सडकहरूको नियमित तथा निरन्तर रूपमा मर्मत सम्भार गरी सडकहरूको स्थिति सामान्य राख्नु नगरपालिकाको जिम्मेवारी हुनेछ ।

(२) नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका सडकहरूको मर्मत सम्भार गर्दा देहाय बमोजिमको प्राथमिकताको आधार तय गरी गर्न सक्नेछ ।

क) छिमेकी स्थानीय तह वा संघ तथा प्रादेशिक सडकहरू सँग जोडिका सडकहरू,

ख) नगरपालिका कार्यालय तथा सबै वडाहरू जोड्ने सडकहरू,

ग) अन्य स्थानीय सडक ।

**४.सडक मर्मतका प्रकारहरू :** नगरपालिकाले सडक मर्मत सम्बन्धी काम गर्दा देहाय बमोजिम सडक मर्मतका प्रकारहरूको आधारमा गर्नु पर्नेछ ।

क) नियमित मर्मत सम्भार

ख) पट्के मर्मत सम्भार,

ग) विशेष मर्मत सम्भार,

घ) आवधिक मर्मत सम्भार,

ङ) आपतकालिन मर्मत सम्भार ।

### परिच्छेद - ३

### सडक मर्मत सम्भार समुह गठन, परिचलन, सेवा सुविधा, अनुगमन तथा प्रशिक्षण सम्बन्धी व्यवस्था

**४. मर्मत सम्भार समुह गठन गरिने :** नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका सडकहरूलाई निरन्तर तथा नियमित सञ्चालनमा ल्याउन तथा सडकहरूमा क्षयीकरण कम गर्न, सानो क्षेतिका कारण हुने ठूलो क्षेतिलाई रोक्नको लागि सडक मर्मत सम्भार समुह गठन गरी परिचालन गर्ने छ ।

**५. सडक मर्मत सम्भार समुहका कामदार नियुक्ति प्रकृया :** (१) नगरपालिकाले सडक मर्मत सम्भार समुहका लागि कामदार सदस्यहरूको नियुक्ति सम्बन्धी प्रकृया स्थानीय सडक ऐन २०७६ को दफा १४ बमोजिमको स्थानीय सडक बोर्डले सडक मर्मत सम्भार समुह नियुक्ति तथा परिचालन गर्न नगरस्तरमा देहाय बमोजिमको एक व्यवस्थापन समिति गठन गर्नेछ ।

| | |
|---|---|
| क) प्रमुख प्रशासकीय अधिकृत | -संयोजक |
| ख) आर्थिक प्रशासन शाखा प्रमुख | -सदस्य |
| ग) योजना तथा प्राविधिक शाखा प्रमुख | -सदस्य सचिव |

(२) उपदफा (१) बमोजिम समितिले सडक मर्मत सम्भार समुहका कामदार नियुक्ति गर्दा सम्बन्धित वडाको परामर्श लिनुपर्नेछ ।

**६. सडक मर्मत सम्भार समुह को परिचालन प्रकृया :** (१) नगरपालिकाका सबै वडाहरूमा वडा अध्यक्षको निर्देशनमा रहने गरी नगरपालिकाद्धारा गठित सडक मर्मत सम्भार समुहका कम्तिमा दुई जना सदस्य रहने गरी एक समुह हुनेछ ।

(२) उपदफा (१) बमोजिम वडा अध्यक्षको निर्देशनमा रहने सडक मर्मत सम्भार समुहको सम्पूर्ण प्रतिवेदन वडा सचिव मार्फत कार्यालयलाई मासिक रूपमा पेश गर्नु पर्नेछ ।

**७. सेवा सुविधा :** (१) सडक मर्मत सम्भार समुहमा काम गर्ने गरी नियुक्त भएका कामदारहरूको पारिश्रमिक लगाएत अन्य सेवा सुविधा नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त भएका सडक मर्मत सम्भार समुहका कामदारहरूले पाउने पारिश्रमिक नगरपालिकामा रहेको वाणिज्य बैंकमा खाता खोली भुक्तानी दिने व्यवस्था मिलाउनु पर्ने छ ।

(३) उपदफा (१) बमोजिम नियुक्त भएका सडक मर्मत सम्भार समुहका कामदारहरूको नगरपालिकाले विमा गरिदिनु पर्नेछ ।

**८. मापदण्ड पुरा गर्नुपर्ने :** (१) सडक मर्मत सम्भार समुह मा कामदार सदस्यमा नियुक्त हुनको लागि देहाय बमोजिमका मापदण्ड पुरा गरेको हुनु पर्ने छ ।

**१. प्राविधिक मापदण्ड :-**

क) मर्मत सम्भार कार्यमा संलग्न हुने कामदार सदस्यले २० वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको हुनु पर्ने,

ख) मानसिक तथा शारिरीक रूपमा सक्षम हुनु पर्ने,

ग) साधारण लेखपढ गर्न जानेको हुनु पर्ने,

घ) पौडी खेल्न, रूख चढ्न लगायत अन्य सिप भएको,

ङ) सम्बन्धित वडाको स्थायी बासिन्दा हुनु पर्ने ।

तर सडक मर्मत सम्भार समुहमा काम गर्ने कामदार सदस्यले ६० वर्ष उमेर पुरा गरिसकेपछि सडक मर्मत सम्भार समुहको कामदारका रूपमा काम गर्न पाइने छैन ।

**२. सामाजिक मापदण्ड :-**

क) पूर्णरूपमा बेरोजगार हुनु पर्ने,

ख) नैतिक पतन हुने फौजदारी कसुरमा सजाय नपाएको तथा कुनै कुलत तथा दुर्व्यशनीमा नफसेको,

(२) सडक मर्मत सम्भार समुह कामदार सदस्य नियुक्ति गर्दा डकर्मीको सीप भएको व्यक्तिलाई प्रथमिकता दिनु पर्नेछ ।

(३) सडक मर्मत सम्भार समुह कामदार सदस्यहरू नियुक्ति गर्दा प्रचलित कानून बमोजिम विपन्न, सिमान्तकृत, महिला दलित, जनजातीलाई अनिवार्य समावेश गर्नुपर्नेछ ।

(४) माथि उपदफाहरूमा जुनसुकै कुरा लेखिएको भएता पनि यस अघि कुनै व्यक्ति सडक मर्मत सम्भार कार्यकर्ताको रूपमा रही कार्य गरेको कुनै अनुभव प्राप्त प्रमाणपत्र पेश गरेमा त्यस्ता व्यक्तिहरू प्राथमिकता दिइनेछ र त्यस्ता व्यक्तिको हकमा यस कार्यविधिमा उल्लेख गरिएको उमेरको हद लाग्ने छैन ।

**९. अनुगमन गर्नु पर्ने :** सडक मर्मत समुहले सडक मर्मत सम्भार सम्बन्धी गरेका सम्पूण क्रियाकलापहरूको रेख देख, निरिक्षण र अनुगमन सम्बन्धित वडा कार्यालयले गर्नेछ ।

खण्ड : ४ संख्या : ८ पौष १४ गते: २०७८

**१०. प्रशिक्षण दिनु पर्ने :** सडक मर्मत सम्भार समुहको गठन सम्बन्धी सम्पूर्ण प्रकृया पुरा भई सकेपछि नगरपालिकाले समुहका कामदार सदस्यहरूलाई सडक मर्मत सम्भार, औजारहरूको प्रयोग तथा सुरक्षाका उपकरणहरूको प्रयोग सम्बन्धी देहाय बमोजिम प्रशिक्षण तथा तालिम प्रदान गरेर मात्र काममा खटाउनु पर्नेछ ।

क) सैद्धान्तिक प्रशिक्षण : सडक मर्मत सम्भार समुहमा आवद्ध भएका कामदारहरूलाई एक मुष्ठ रूपमा कामदार सदस्यहरूको जिम्मेवारी कसरी बहन गर्ने, सडकमा हुने क्षेयीकरण तथा अन्य आईपर्ने समस्याहरूको जानकारी तथा त्यसको रोकथाम कसरी गर्न सकिन्छ भन्ने वारेमा जानकारी सहितको सैद्धान्तिक प्रशिक्षण दिनु पर्नेछ ।

ख) व्यवहारिक प्रशिक्षण : सडक मर्मत सम्भार समुहका कामदार सदस्यहरूलाई सैद्धान्तिक प्रशिक्षण प्रदान गरिसकेपछि पायक पर्ने उपयुक्त फिल्डको छनौट गरि औजारहरू तथा सुरक्षाका उपकरणहरू कसरी प्रयोग गर्ने, सुरक्षा गर्ने जस्ता विषयमा व्यवहारिक प्रशिक्षण दिनु पर्नेऔजारहरू तथा सुरक्षाका उपकरणहरू कसरी प्रयोग गर्ने र सुरक्षा गर्ने जस्ता उपयुक्त विषयमा व्याहारिक प्रशिक्षण दिनु पर्नेछ ।

## परिच्छेद - ४

## सडक मर्मत सम्भार समुहका काम सम्बन्धी व्यवस्था

**११. तोकिए बमोजिमका काम गर्नु पर्ने :** (१) नगरपालिकामा रहने सडक मर्मत सम्भार समुहले सडक मर्मत सम्भार सम्बन्धी नियमित तथा निरन्तर गर्नुपर्ने देहाय बमोजिम कार्यहरू लगायत कार्यालयले आवश्यकता अनुसार अन्य तोकिएका कार्यहरू अनिवार्य रूपमा गर्नु पर्ने छ ।

**१. नियमित रूपमा सञ्चालन गरिने क्रियाकलापहरू :-**

**क) कच्ची तथा पक्की सडकमा सञ्चालन गरिने क्रियाकलापहरू :-**

- ☐ सडकमा खसेका ससाना पहिरो अन्य वस्तु हटाउने ( ५ घनमिटर भन्दा कम आयतनको ),
- ☐ नाली सफा गर्ने,
- ☐ पुलेसा सफा गर्ने,
- ☐ साना पुल मुनीका भाग सफा गर्ने,
- ☐ झारपात काट्ने र सफा गर्ने,
- ☐ ट्राफिक चिन्ह र सडक सुरक्षाका संकेत सफा गर्ने,
- ☐ बायो इन्जिनीयरिङका कामहरूको संरक्षण गर्ने ।

ख). पुल तथा कजवेका क्रियाकलापहरू :-

- ☐ नाली तथा कजवेका सतहहरू सफा गर्ने,
- ☐ पुलको डेक र रेलिङ सफा गर्ने,
- ☐ पुल तथा कजवेको संरचनामा रहेका झारपात हटाउने ।

**२. निरन्तर रूपमा सञ्चालन गरिने क्रियाकलापहरू :-**

**क) सतह नमिलाइएका कच्ची सडक**

- ☐ सडकको सतहका पानी वग्ने नाली/खोलाहरूको मर्मत ,
- ☐ सडकमा परेको खाल्डाहरूको मर्मत,
- ☐ कल्भर्टमा पुरिएको भागहरू र्म्मत,
- ☐ सडकको माथि पानी वग्न नदिन सडकको वारपार पानी वग्ने कुलेसाको निर्माण ।

ख) सतह मिलाइएका सडकमा गर्नुपर्ने क्रियाकलापहरू :-

- ☐ सडकको सतहका खाल्डा मर्मत गर्ने,

☐ सडकको सतहका बिग्रे भत्केका किनारा मर्मत गर्ने,
☐ सडकको सतहका फाटेका भागहरू पुर्ने काम गर्ने ।

ग) सतह मिलाइएका र सतह नमिलाइएका कच्ची सडक मर्मत सम्बन्धी क्रियाकलापहरू :-

☐ सडकको पटरीमा भएको कटानीको मर्मत,
☐ सडकको पटरीमा पाङ्ग्राले पारेका खाल्डा तथा अन्य खाल्डाको मर्मत,
☐ नालामा भएको भुक्षयको मर्मत,
☐ टेवा पर्खालमा भएको सामान्य क्षेतिको मर्मत,
☐ संरचना वरीपरी भुक्षय कटानवाट भएको क्षेति तथा संरचनामा पुगेको अन्य सामान्य क्षेतिको मर्मत,
☐ ट्राफिक चिन्ह तथा सडक संकेतको मर्मत र रंग लगाउने काम ।

**घ) पुल मर्मत सम्बन्धी क्रियाकलाप :-**

☐ पुलका रेलिङ र सुरक्षाका वारहरूमा रंग लगाउने तथा मर्मतको काम,
☐ वियरिङहरूमा लुब्रिकेन्ट लगाउने काम,
☐ छोटो लम्वाईका विस्तारका जोर्नीहरूको मर्मत,
☐ पुलको पहुँच सडक तथा पुलको डेक गर्ने र सतह मर्मत गर्ने काम,
☐ पानी पार हुने संरचनाहरूमा क्षेति हुन नदिनका लागि ससाना संरक्षणका काम ।

(२) सडक मर्मत सम्भार समुहका कामदारहरूमध्य एक कामदारले वार्षिक रूपमा प्रति किलोमिटर १०४ कार्यदिन अनिवार्य पूरा गर्नुपर्नेछ ।

## परिच्छद - ५
## औजार तथा सुरक्षाका उपकरण सम्बन्धी व्यवस्था

**१२. औजार उपलब्ध गराउनु पर्ने :** सडक मर्मत सम्भार सम्बन्धी क्रियाकला सञ्चालन गर्दा समुहका लागि आवश्यक पर्ने देहाय बमोजिमका सामाग्रीहरू नगरपालिकाले उपलब्ध गराउनुपर्ने छ ।

क) ठेला गाडा/डोका र हावा भर्ने पम्प,
ख) खुर्पा/हँसिया/घन र काट्ने भाँडो,
ग) ठूलो गल,
घ) तान्ने डोरी,
ङ) पानी हाल्ने झारी,
च) फरूवा, कोदालो, गैंटी, छिनौ
छ) पलास्टिक जर्किन,
ज) अन्य आवश्यक सामाग्री ।

**१३. सुरक्षाका उपकरण :** सडक मर्मत सम्भार समुहका कामदारहरूका लागि आवश्यक पर्ने देहाय बमोजिमका सुरक्षा सामाग्रीहरू नगरपालिकाले उपलब्ध गराउनुपर्नेछ ।

क) टोप/टोपी, हेलमेट (टल्कीने),
ख) पञ्जा,
ग) सुरक्षा प्रदान गर्ने चस्मा,
घ) मास्क, जुत्ता (गमबुट),
ङ) बर्साती ( रेनकोट),
च) प्राथमिक उपचार किट ।

**१४. जिम्मेवार साखा :** माथि दफा (१२) र (१३) मा उल्लेखित औजार तथा सुरक्षाका सामाग्रीहरूको

खण्ड : ४ संख्या : ८ पौष १४ गते: २०७८

सम्पूर्ण लगत सम्बन्धी जिम्मेवारी नगरपालिकाको जिन्सी साखाको हुनेछ ।

## परिच्छेद - ६
## कोष व्यवस्थापन सम्बन्धी व्यवस्था

**१५. कोषको स्थापना :** (१) सडक मर्मत सम्भार सम्बन्ध क्रियाकलापका लागि नगरपालिकामा एक छुट्टै कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिम को कोषमा देहाय बमोजिम रकमहरू रहने छन् ।

क) मर्मत सम्भारका लागि नगर सभावाट छुट्याइएको सम्पूर्ण रकम,
ख) कुनै संघ सस्था, निकाय वा व्यक्तिवाट प्राप्त सहयोग रकम,
ग) संघ तथा प्रदेश सरकारवाट प्राप्त रकम,
घ) सडक प्रयोग गरे वापत प्राप्त रोयल्टी रकम,
ङ) अन्य विविध श्रोतवाट प्राप्त रकम, आदी ।


**१६. कोषको प्रयोग :** (१) दफा १५ बमोजिम स्थापना गरिएको कोषको प्रयोग सडक मर्मत सम्भार का क्रियाकलाप सञ्चालनका लागि मात्र प्रयोग गर्न सकिने छ ।

(२) दफा १५ बमोजिम स्थापना गरिएको कोषमा जम्मा भएको रकम सडक मर्मत सम्भार सम्बन्धी क्रियाकलाप सञ्चालन गर्दा उक्त रकम अपुग भएमा त्यस्तो अपुग रकमको व्यवस्थाका लागि सडक मर्मत सम्भार व्यवस्थापन समितिले नगरकार्यपालिकामा सिफारिस साथ पेश गर्नु पर्नेछ र तयस्तो माग गरिएको रकम आउने नगरसभा वाट अनुमोदन हुने गरी नगरकार्यपालिकाले स्वीकृत गर्नु पर्नेछ ।

(३) आगामी वर्षको लागि सडक मर्मत सम्भार सम्बन्धी आवश्यक पर्ने अनुमानित रकमको व्यवस्था मिलाउन नगरसभा वाट बजेट प्रस्तुत गर्दानै कार्यक्रम सहितको अनुमानित खर्चको विवरण पेश गर्नुपर्ने छ ।

**१७. खाता सञ्चालन :** कोषको आर्थिक कारोवारका लागि खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतवाट हुनेछ ।

**१८. लेखा परिक्षण :** सडक मर्मत सम्भार कोषवाट हुने सम्पूर्ण आय व्यायको प्रचलित कानून बमोजिम लेखा परिक्षण गराउनु पर्नेछ ।



आज्ञाले
तिलक वि.क.
नि.प्रमुख प्रशासकीय अधिकृत